आज मिति २०८३ साल भदौ महिनाको १३ गतेका दिन विहान ११ बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको १००औं बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

<u>उपस्थिति:</u>

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मेघराज जि.सी. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ३ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ५ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ६ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ८ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| ९ | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| १० | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| ११ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १२ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १४ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १५ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १६ | श्री शिवा देवी के.सी. | कार्यपालिका सदस्य | |
| १७ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री रेमन्त बहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीत:

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हेमराज आचार्य | पशु चिकित्सक | |
| २ | श्री शंकर प्रसाद घिमिरे | सहायक लेखा अधिकृत | |
| ३ | श्री विष्णु प्रसाद पोखेल | सहायक प्रशासकीय अधिकृत | |
| ४ | श्री दुर्गा प्रसाद गोराथोकी | ज.स्वा.नी | |

CamScanner

नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: १००
मिति: २०८३/०५/१३
समय: बिहान ११ बजे
स्थान: नगरपालिकाको सभाहल

प्रस्तावहरुः

१. विपद् राहत सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं. १,

प्रस्ताव नं. १ माथि छलफल गर्दा सम्वत् २०८३ श्रावण २७ गते रोल्पा जिल्लाथवाङ गाउँपालिका वडा , स्थित कोटलवारामा ५ .नं र भदौ १० गते रसुवा जिल्लाको रसुवागढी, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा भीषण बाढीबाट ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै उक्त घटनामा परी ज्यान गुमाउनुहुने सम्पुर्ण व्यक्तिहरूप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्ने। प्राकृतिक विपतबाट भएको ठूलो जनधनको क्षति पश्चात राहत तथा पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले स्वर्गद्वारी नगरपालिका अन्तर्गत कार्यरत कर्मचारी र शिक्षकको हकमा मिति २०८३ भदौ ११ गते वसेको सचिवस्तरीय बैठकमा स्थानीय तहलाई गरिएको आव्हानलाई ग्रहण गर्दै मासिक सुरू तलव स्केलको श्रेणी विहिन शिक्षक/कर्मचारीको २ दिनको, सहायक स्तरका शिक्षक/कर्मचारीको ५ दिनको, अधिकृत स्तरका शिक्षक/कर्मचारीको ७ दिनको, जनप्रतिनिधिहरूको हकमा ५ दिनको तलव/पारिश्रमिक योगदान गर्ने साथै यस नगरपालिकाको विपद व्यवस्थापन कोषवाट २ लाख प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा योगदान गर्ने र रोल्पा जिल्ला, थवाङ गाउँपालिकामा भएको जनधनको क्षति पश्चात राहत तथा पुनर्स्थापनको लागि विपद व्यवस्थापन कोषबाट थवाङ गाउँपालिकालाई २ लाख ५० हजार सहयोग गर्ने। प्राकृतिक विपद्को यस कठिन घडीमा हामी सवै एकजुट भएर सामना गर्नुपर्ने भएकोले सवैले आ-आफ्नो ठाँउबाट सहयोग गरी जिम्मेवार र असल नागरिकको भूमिका निर्वाह गर्न अनुरोध गर्ने।

अन्त्यमा आजको १००औं कार्यपालिका बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ उपदफा (२) को खण्ड (ज) बमोजिम नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

स्वर्गद्वारी नगरपालिका २०७२

..............................
(रमन्त बहादुर डाँगी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत